# माई स्मल हेल्प, ललितपुर

## प्रगति विवरण २०७६।७७

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च ब्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७६।७७ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- माई स्मल हेल्प नेपालको मुख्य आयस्रोत भनेको माई स्मल हेल्प यू.के. हो । माई स्मल हेल्प यू.के.बाट मासिक रुपमा रकम प्राप्त हुन्छ र त्यही रकमबाट कार्यक्रमहरु संचालन गरिन्छ ।सोही अनुरुप यो आर्थिक बर्ष २०७६।७७ मा ३,५४८,७६०.५५ अक्षररुपी पैतिस लाख अट्चालिस हजार सात सय साठी रुपैयाँ पचपन्न पैसा प्राप्त भएको छ ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो । कक्षा १ पढ्ने साना नानीहरु देखि स्नातकोत्तर सम्मको अध्ययन् गरिरहेका विद्यार्थी भाइबहिनीहरुले यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा सहयोग पाईरहेका छन् ।

- विभिन्न समयमा संस्थाद्धारा सहयोग गरिएका नानीहरुलाई आवश्यक पर्ने सहयोग जस्तै खाजा खर्च , बस भाडा, स्वास्थ्य साथै भाषा कक्षा आदिमा खर्च उपलब्ध गराईयो ।
- यस आर्थिक वर्षमा २ जना विद्यार्थीहरुलाई +2 तहको शिक्षा तथा ६ जना विद्यार्थीलाई स्नातक तहको शिक्षाको लागि पनि सहयोग गरियो ।
- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि दशैं तथा क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।
- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका नानीहरु एलिसा थापामगर तथा सुनिता माझीको को परिवारको (एकल आमा) लागि घरभाडा तथा रासन खर्च उपलब्ध गराईयो ।
- यस बर्षमा C
- OVID-19 ले प्रत्यक्ष असर पारेको कारण शैक्षिक संस्थाहरु बन्द भएपश्चात् संस्थाद्धारा शैक्षिक सहयोग गरिएका बिद्यार्थीहरुलाई दैनिक गुजाराको लागि सहयोग गरियो ।
- साथै जो जो विद्यार्थीहरुको अनलाइन कक्षा संचालन भयो उनिहरुको लागि पनि सहयोग गरियो ।
- बबा बाटिका माध्यमिक विद्यालयमा रहेका विद्यार्थीहरुको लागि फलामको खाट रङ्ग-रोगन, सिरक, डस्ना, कपडा राख्ने बाकस, वासिङ्ग मेसिन आदि उपलब्ध गराइयो । साथै उनिहरुको दैनिकी सहज बनाउन अन्य आधारभूत आवश्यक्ताका सामाग्रीहरु उपलब्ध गराइयो ।
- HCC ORPHNAGE को बच्चाहरुको दैनिकी गुजाराको लागि आर्थिक सहयोग उपलब्ध गराइयो ।

आर्थिक वर्ष २०७६।७७ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने व्यक्ति

नाम : सुरज शर्मा न्यौपाने

हस्ताक्षर :

पद : अध्यक्ष

मिति : २०७७/४/१५

छाप :